बेरोजगारी सुविधाहरूको (*Unemployment Benefits*) लागि आवेदन कसरी गर्ने

३ कदममा बेरोजगारी सुविधाहरूको आवेदन गर्ने[1]

बेरोजगारी सुविधाहरूको आवेदन गर्न तपाईंले ३ गर्नै पर्ने कुराहरू:

1. तपाईंको पहिलो दावी (*initial claim*) बुझाउनुहोस्
2. *Job Center of Wisconsin* मा दर्ता गर्नुहोस् (यदि *DWD* ले आवश्यक गरेमा)
3. हरेक हप्ता तपाईंको दावी प्रमाणीकरण (*claim certifications*) बुझाउनुहोस्

कदम १: तपाईंको पहिलो दावी (*initial claim*) बुझाउनुहोस्

तपाईंले सुविधाहरूको लागि यी समयहरूमा आवेदन गर्न सक्नुहुनेछ:

आइतवार:	दिउँसो १२ बजे – बेलुकी ५ बजे
सोमवार - शुक्रवार:	बिहान ६:०० बजे – बेलुकी ७:०० बजे
शनिवार:	बिहान ९:०० बजे – दिउँसो २:३० बजे

तपाईंको घण्टा घटाइएको **पहिलो हप्ताबाट** आफ्नो **दावीको आवेदन** गर्नुहोस्।

- बेरोजगारी सुविधाहरूका लागि आवेदन गर्न तपाईंको घण्टा घटाइएको पहिलो हप्ताको अन्त्यसम्म बेरोजगारी सुविधाहरूका लागि आवेदन गर्न तपाईंको घण्टा घटाइएको पहिलो हप्ताको अन्त्यसम्म **नपर्खनुहोस्**।
    - आइतवार देखि शनिवारसम्म काम गर्ने हप्ता मानिन्छ। शनिवार हरेक हप्ता सक्किन्छ र आइतवार नयाँ हप्ता सुरु हुन्छ।
- *DWD* लाई यो जानकारी तपाईं सुविधाहरूको लागि योग्य हुनुहुन्छ कि हुनुहुन्न भनेर निर्णय लिन चाहिन्छ।
- तपाईंले दिनुहुने जानकारी गोपनीय हुन्।

यदि तपाईं अनलाइन आवेदन गर्न चाहानुहुन्छ भने, तपाईंले आफ्नो काम गर्ने घट्नु भन्दा अगाडि आफ्नो लगइन प्रोफाइल (*username* र पासवर्ड) बनाउन सक्नुहुन्छ।

तपाईंको *Username* र पासवर्ड बनाउनुहोस्

1. my.unemployment.wisconsin.gov वेबसाईटमा जानुहोस्।
2. "*Terms and Conditions*" पढ्नुहोस्।
3. "*I Accept*" बाकसमा चेक चिन्ह लगाउनुहोस् र "*Continue*" थिच्नुहोस्।
4. "*Log In*" बटनको तल "*Don't have a username?*" खोज्नुहोस्।

[1] **कृपया नोट गर्नुहोस्:** यो जानकारी मानव *UW–Madison* को मानव संसाधन कार्यालयले प्रदान गरेको हो र सन्दर्भको लागि मात्र हो। *COVID-19* समस्याको जानकारी बारम्बार बदलिरहेको छ। बेरोजगारी सुविधाहरूको बारेमा नयाँ जानकारीको उत्तम स्रोत विस्कन्सिन कार्यबल विकास विभाग (*DWD*) हो। बेरोजगारी सुविधाहरूको आवेदन गर्न सहयोगको लागि तपाईंले *UW–Madison* को मानव संसाधन कार्यालयमा पनि सम्पर्क गर्न सक्नुहुन्छ। *DWD* र *UW–Madison* को मानव संसाधन कार्यालयको सम्पर्क जानकारी यस कागजातको अन्त्यमा दिइएको छ।

5. *"Sign up"* थिच्नुहोस् ।
6. *"Create a Logon"* को लागि तपाईंको जानकारी राख्नुहोस् । (तपाईंसँग ईमेल ठेगाना वा मोबाईल फोन नम्बर हुनुपर्छ ।)
7. *DWD* ले तपाईंको ईमेल ठेगाना वा मोबाईल फोनमा मेसेज पठाउँछ ।
8. *DWD* ले पठाएको मेसेज हेर्नुहोस् र तपाईंको खाता (*account*) सक्रिय गर्न दिइएको निर्देशनको पालना गर्नुहोस् ।

Username र पासवर्ड बनाउन **अरू सहयोग** चाहिन्छ ?

- छोटो भिडियो हेर्नुहोस्:
    - अङ्ग्रेजी: media.wisconsin.gov/ui/ext/benefits/username_creation.htm
    - स्पैनिश: media.wisconsin.gov/ui/ext/benefits/username_creation_sp.htm
- dwd.wisconsin.gov/uiben/faqs/logon.htm वेबसाईटमा साधारण प्रश्नहरूका उत्तरहरू पढ्नुहोस् ।

तपाईंको खातामा लग - इन गर्नुहोस्

1. my.unemployment.wisconsin.gov वेबसाईटमा जानुहोस् ।
2. तपाईंको *username* र पासवर्ड हाल्नुहोस् ।
3. **पहिलो पटक लग - इन गर्दा** तपाईंले यी कुराहरू गर्नै पर्छ:
    - *"Click here to enter your personal information"* चुन्नुहोस् ।
    - तपाईंको नाम, *social security* नम्बर, र जन्म मिति राख्नुहोस् ।
4. तपाईंले my.unemployment.wisconsin.gov वेबसाईटमा अर्को पटक लग - इन गर्दा, तपाईंले आफ्नो व्यक्तिगत **बेरोजगारी बीमा सारांश (*Unemployment Insurance Summary*)** देख्नुहुनेछ ।

तपाईंको पहिलो दावी (*initial claim*) बुझाउनुहोस्

1. सबै आवश्यक जानकारी तयार राख्नुहोस् ।
    - तल दिइएको "तपाईंको दावीको लागि आवश्यक जानकारी (*Required Information for Your Claim*)" पढ्नुहोस् ।
2. my.unemployment.wisconsin.gov वेबसाईटमा जानुहोस् ।
3. "*Terms and Conditions*" पढेर स्वीकार गर्नुहोस् ।
4. लग - इन गर्न तपाईंको *username* र पासवर्ड राख्नुहोस् ।
5. *"file an initial claim"* मा थिच्नुहोस् ।
6. तपाईंको आवेदन भरेर सक्काउनुहोस् ।
7. बुझाउनु भन्दा अगाडि तपाईंको दावी फेरि ध्यान दिएर हेर्नुहोस् । तपाईंका सबै उत्तरहरू सहि छन् कि छैनन् निश्चित गर्नुहोस् ।

तपाईंको दावीको लागि आवश्यक जानकारी (*Required Information for Your Claim*)

- ☐ तपाईंको *username* र पासवर्ड (अन्लाईन आवेदन गर्न)
- ☐ काम लाग्ने ईमेल वा मोबाईल फोन नम्बर
- ☐ तपाईंको *social security* नम्बर
- ☐ तपाईंको विस्कन्सिनको ड्राइभिङ्ग लाइसेन्स वा पहिचान (*ID*) नम्बर (यदि तपाईसँग छ भने)
- ☐ गएको १८ महिनासम्मको तपाईंको सबै गर्नुभएको कामको इतिहास। *UW–Madison* को लागि, यी जानकारी चलाउनुहोस्:
    - रोजगारदाताको नाम (*employer name*) र ठेगाना
        - कम्प्युटरले आफैँ *UW–Madison* को नाम र ठेगाना भरिदिन सक्छ। यदि तपाईंलाई नाम र ठेगाना चाहिन्छ भने, कृपया तल दिइएको चलाउनुहोस्। (तपाईंको काम गर्ने भवन वा ठाउँको नाम नराख्नुहोस्।)
        - रोजगारदाताको नाम: ***UW–Madison***
        - पेरोल ठेगाना: **21 N PARK ST #5101 / MADISON, WI 53715-1218**
        - फोन नम्बर: **608-265-2257**
    - तपाईंको प्रत्येक रोजगारदाताको कामको पहिलो र अन्तिम मितिहरू:
        - पहिलो दिन: *UW–Madison* ले तपाईंलाई काम दिएको पहिलो दिन (*hire date*)
            - यदि तपाईंलाई आफ्नो कामको पहिलो दिन थाहा छैन भने, सकेसम्म नजिकैको मिति अनुमान गर्नुहोस्। उदाहरणको लागि, यदि तपाईंलाई महिना र वर्ष थाहा छ भने, तपाईंले त्यो महिनाको पहिलो दिनलाई तपाईंको कामको पहिलो दिनको रूपमा दिन सक्नुहुन्छ।
            - यदि तपाईंलाई तपाईंको कामको पहिलो दिन थाहा छैन भने, यो जानकारी तपाईंले तपाईंको मानव संसाधन विभागबाट (*HR*) पाउन सक्नुहुन्छ वा मानव संसाधनको कार्यालयलाई (608) 265-2257 वा furlough@ohr.wisc.edu मा सम्पर्क गर्नुहोस्। भाषा सहायताको लागि, सांस्कृतिक भाषागत सेवा (*CLS*) को यो कागजातको अन्त्यमा रहेको एउटा फोन नम्बरमा सम्पर्क गर्नुहोस्।
        - भर्खरैको कामको अन्तिम दिन: यदि तपाईं *UW–Madison* को *Work-Share* कार्यक्रम वा कार्यपद-विशेष *Furlough* मा हुनुहुन्छ भने, ***furlough* सुरु हुनु भन्दा अगाडि काम गर्नुभएको अन्तिम दिन राख्नुहोस्।**
- ☐ तपाईं किन यो रोजगारदाताकोमा अहिले काम गर्नु हुँदैन ? (काम छोड्नुको कारण)
    - यदि तपाईं *UW–Madison* को *Work-Share* कार्यक्रम वा कार्यपद-विशेष *Furlough* मा हुनुहुन्छ भने, "*Laid Off / Lack of work (any duration) / Plant Shutdown / Holiday Shutdown*" मा चेक लगाउनुहोस्। तपाईंको काम गर्ने ठाउँमा *COVID-19* को कारण असर परेको छ भने यो नै सहि जवाफ हो।
    - अरू कामहरूको लागि अरू कारणहरू हुन सक्नेछन्।

- यदि तपाईं अमेरिकी नागरिक **हुनुहुन्न** भने, तपाईंलाई आफ्नो *alien registration/USCIS* नम्बर, कागजात नम्बर (*document number*), र म्याद सक्किने मिति (*expiration date*) चाहिनेछ।
- तपाईंको हालको ठेगाना
  - तपाईंको दावीको महत्त्वपूर्ण जानकारी पाउनको लागि तपाईंलाई हालको हुलाकको ठेगाना चाहिन्छ।
  - यदि तपाईंको ठेगाना हालसालै बदलेको छ भने हुलाकालाई (*post office*) खबर गर्नुहोस्।
- तपाईंको बैंकको *routing* र खाता नम्बरहरू, यदि तपाईं भत्ताहरू सीधै बैंकमा जम्मा गर्न चाहानुहुन्छ भने।
- यदि तपाईंले आफ्नो नाम बदलिनुहुन्छ भने, "*Unemployment Services*" र "*Change Personal Information*" मा अपडेट गर्नुहोस्।

तपाईंको *username*, पासवर्ड, र *social security* नम्बरले तपाईंको पहिचान गर्छन्।
कसैलाई पनि तपाईंको *username*, पासवर्ड, वा *social security* नम्बर नभन्नुहोस्।

तपाईंले थाहा पाउनु पर्ने जानकारी

- **दावी** बुझाएर तपाईंले भत्ता पाउनु हुन्छ भन्ने छैन।
- सुविधाहरूको लागि संयुक्त राज्य भन्दा बाहिरबाट आवेदन **कहिले पनि नगर्नुहोस्।** यदि तपाईंले त्यसो गर्नु भएमा, *DWD* ले तपाईंको आवेदन र सुविधाहरूलाई रोक्नेछ।
- बुझाउनु भन्दा अगाडि तपाईंको दावी फेरि ध्यान दिएर हेर्नुहोस्। तपाईंका सबै उत्तरहरू सहि छन् कि छैनन् निश्चित गर्नुहोस्।
- तपाईंको उत्तरहरू प्रिन्ट गर्नुहोस् वा *screenshot* लिनुहोस्।
- **यदि तपाईंले गल्तीको साथ आफ्नो दावी बुझाउनु भयो भने**, तपाईंले दावी बुझाउनु **भएको दिनमै** यसलाई सच्याउन सक्नुहुन्छ।
  - उही दिन, तपाईंको सारांश पानामा (*summary page*) लिङ्क थिचेर जानकारी सच्याउनुहोस्।
  - त्यस दिन पछि, सच्याउन *Unemployment Insurance Help Center* मा सम्पर्क गर्नुहोस्।
    - *DWD* लाई सबै भन्दा सजिलो सम्पर्क गर्ने तरिका भनेको dwd.wisconsin.gov/dwdsendmail/mailtodwd.aspx वेबसाईटमा भएको फारम पुरा गर्नु हो। *DWD* लाई ईमेल पठाउँदा तपाईंले आफ्नो *wisc.edu* को ईमेल चलाउन सक्नुहुन्छ।
    - यदि तपाईं अन्लाईन जान सक्नुहुन्न भने, (414) 435-7069 वा टोल-फ्री (844) 910-3662 मा फोन गर्नुहोस्। तपाईंले सोमवार देखि शुक्रवार, बिहान ७:३५ बजे देखि दिउँसो ३:३० बजे सम्म फोन गर्न सक्नुहुन्छ। *DWD* लाई बेरोजगारीको बारेमा धेरै फोनहरू आउँछन्, त्यसैले तपाईंले फोन गर्नु भयो भने लामो समय कुर्नु पर्नेछ।

दावी बुझाउनु अघि सबै उत्तरहरू जाँचेर सच्याउनुहोस्। भत्ता ढिलो पाउनबाट बच्नुहोस्!

कदम २: *Job Center of Wisconsin* (*JCW*) मा दर्ता गर्नुहोस् (यदि *DWD* ले आवश्यक गरेमा)

अहिले तपाईले काम खोज्नुपर्ने आवश्यकता छैन (विस्कन्सिन आपताकालीन आदेश #७)। तपाईले *Job Center of Wisconsin* (*JCW*) मा दर्ता गर्नु पर्छ कि पर्दैन *DWD* ले तपाईंलाई बताउनेछ।

यदि *DWD* ले तपाईलाई *JCW* मा दर्ता गर्नुपर्छ भन्यो भने:

- तपाईंले बेरोजगारी दावी बुझाउनु भएको **१४ दिन भित्रमा** दर्ता गर्नुपर्नेछ।
- यदि तपाईंले १४ दिन भित्रमा दर्ता गर्नुभएन भने:
    - तपाईंले *JCW* मा दर्ता गर्नु भन्दा अगाडिको हप्ताहरूको भत्ता पाउनु हुँदैन।
    - तपाईंले भत्ता पाउनमा ढिलो हुनेछ।
- यदि तपाईंले *JCW* मा दर्ता गर्न बिर्सनु भयो र १४ दिन कटी सकेको छ भने, **चाँडो भन्दा चाँडो दर्ता गर्नुहोस्।** अहिलेको लागि, दर्ता गर्ने बारेमा नियमहरू अलिक लचिलो छन्।

आवश्यक भएमा *Job Center of Wisconsin* (*JCW*) मा कसरी दर्ता गर्ने

1. JobCenterofWisconsin.com/ui वेबसाईटमा जानुहोस्।
2. तपाईंले बेरोजगारी सुविधाहरूको दावीको लागि बनाउनु भएको *username* र पासवर्ड राख्नुहोस्।
    - तपाईंले आफ्नो नाम, ईमेल, र फोन नम्बर बाट लग - इन प्रोफाइल बनाउन सक्नुहुन्छ।
3. फोन मेसेजहरूको (*text message alerts*) लागि दर्ता गर्नुहोस्।
    - यदि सक्नुहुन्छ भने फोन मेसेजहरूको लागि दर्ता गर्नुहोस् भन्ने हामी सल्लाह दिन्छौँ। यस व्यस्त समयमा *JCW* बाट सूचना पाउन यो सब भन्दा छिटो तरिका हो।
4. सेवाहरूको लागि दर्ता गर्नुहोस्।
    - तपाईंको *social security* नम्बर, जन्म मिति, लिङ्ग, हालको ठेगाना, शिक्षाको स्तर, र हालको रोजगारको स्थिति राख्नुहोस्।
    - "*Unemployment Insurance Status*," को लागि: ***"I am filing for unemployment benefits and was mandated to register as part of my application."*** छान्नुहोस्।
5. यदि छ भने तपाईंको *résumé* राख्नुहोस्।
    - हालको समयमा तपाईंले *résumé* राख्न आवश्यक छैन।
    - यदि तपाईंलाई *résumé* लेख्न सहयोग चाहिन्छ भने, *JCW* को *résumé* बनाउने साधन (*résumé builder tool*) चलाउनुहोला। तपाईंलाई यसको लिङ्क दर्ता गर्ने बेलामा दिइनेछ।

तपाईसँग प्रश्नहरू छन् वा सहयोग चाहिन्छ भने:

- *Job Service Call Center* को (888) 258-9966 मा फोन गर्नुहोस्।
- JobCenterofWisconsin@dwd.wisconsin.gov मा ईमेल गर्नुहोस्।
- फोनबाट सहयोगको लागि (608) 616-9374 मा फोन गरेर *appointment* बनाउनुहोस्।

- *Columbia, Dane, Dodge, Jefferson, Marquette,* र *Sauk* काउन्टीहरू मात्र
- २ व्यवसायिक दिनहरू भित्र जवाफको आशा गर्नुहोस् ।

भाषाको सहयोगको लागि , (888) 258-9966 मा फोन गरेर दोभाषेको अनुरोध गर्नुहोस् ।

Job Center लाई बेरोजगारीको बारेमा धेरै फोनहरू आउँछन् । तपाईंले उनीहरूलाई फोन गर्नुभयो भने ढिलाई अनुभव गर्न सक्नुहुन्छ ।

कदम ३: हरेक हप्ता तपाईंको दावी प्रमाणीकरण (*claim certifications*) बुझाउनुहोस्

तपाईंले आफ्नो साप्ताहिक दावी यी समयहरूमा अन्लाईन बुझाउन सक्नुहुन्छ:	
आइतवार:	बिहान ९:०० बजे – राती १२ बजे
सोमवार - शुक्रवार:	२४ घण्टा उपलब्ध
शनिवार:	राती १:०० बजे – दिउँसो ३:०० बजे

तपाईंको घण्टाहरू घटेपछि र तपाईंले बेरोजगारीको पहिलो दावी बुझाउनु भएपछि, तपाईंले हरेक हप्ता **साप्ताहिक दावी प्रमाणीकरण (*Weekly Claim Certification*)** बुझाउनुपर्नेछ ।

- आइतवार देखि शनिवारसम्म काम गर्ने हप्ता मानिन्छ । शनिवार हरेक हप्ता सक्किन्छ र आइतवार नयाँ हप्ता सुरु हुन्छ ।
- तपाईंले दावी गर्नुहुने विशेष क्यालेन्डर हप्ताको लागि सबै प्रश्नहरूको उत्तर दिनुहोस् ।
    - उदाहरण: जब उनीहरूले यदि तपाईंले आफ्नो काम छोड्नुभयो भनेर सोधे भने, उनीहरूले तपाईंले दावी गर्नुभएको हप्तामा काम छोड्नुभयो भनेर सोधेका हुन् । यदि तपाईंले त्यो हप्ता काम छोड्नुभएन भने, "***NO***" उत्तर दिनुहोस् ।
- हरेक प्रश्नहरूको कदम कदमको निर्देशन छन् । हरेक प्रश्नको निर्देशन पालना गर्नुहोस् ।
- सबै प्रश्नहरूको पुरै र सहि उत्तर दिनुहोस् ।
- यदि तपाईंले प्रश्नहरू बुझ्नुभएन भने, दावी विशेषज्ञलाई सोध्नुहोस् ।
    - *DWD* लाई सबै भन्दा सजिलो सम्पर्क गर्ने तरिका भनेको dwd.wisconsin.gov/dwdsendmail/mailtodwd.aspx वेबसाईटमा भएको फारम पुरा गर्नु हो । *DWD* लाई ईमेल पठाउँदा तपाईंले आफ्नो *wisc.edu* को ईमेल चलाउन सक्नुहुन्छ ।
    - यदि तपाईं अन्लाईन जान सक्नुहुन्न भने, (414) 435-7069 वा टोल-फ्री (844) 910-3662 मा फोन गर्नुहोस् । तपाईंले सोमवार देखि शुक्रवार, बिहान ७:३५ बजे देखि दिउँसो ३:३० बजे सम्म फोन गर्न सक्नुहुन्छ । *DWD* लाई बेरोजगारीको बारेमा धेरै फोनहरू आउँछन्, त्यसैले तपाईंले फोन गर्नु भयो भने लामो समय कुर्नु पर्नेछ ।
- गलत र पुरा नभएको जानकारीको लागि तपाईं जिम्मेवारी हुनुहुन्छ ।
    - यदि तपाईंले रिपोर्ट गर्नुभएको भन्दा बढी आम्दानी कमाउनु हुन्छ भने, सच्याउनको लागि ***DWD* लाई तुरुन्त सम्पर्क गर्नुहोस्** ।
    - यदि तपाईंले काम र आम्दानी सहि तरिकाले रिपोर्ट गर्नुभएन भने, तपाईंले धेरै भत्ता र सजाय पनि पाउन सक्नुहुन्छ ।

- तपाईंको भर्खरैको *paystub* साथमा राख्नुहोस् ।
- तपाईंले काम गर्नु भएको हप्ताको थप आम्दानी (तपाईंले काम गर्नु भएको घण्टा भन्दा बढी) रिपोर्ट गर्नुहोस् ।

<u>तपाईंको साप्ताहिक दावी प्रमाणीकरण (*Weekly Claim Certification*) कहिले बुझाउने</u>

- सोमवार देखि शुक्रवार वा आइतवार दिउँसो ।
    - आइतवार बिहान ९:०० बजे–१०:०० बजे सम्म, ३०,००० भन्दा बढी मान्छेहरूले आफ्नो साप्ताहिक दावी बुझाउँछन्, त्यसैले यो समय भन्दा बाहिर आफ्नो साप्ताहिक दावी बुझाउनुहोस् ।
- तपाईंले दावी गर्नुहुने काम गर्नुभएको हप्ताको शनिवारको १४ दिन भित्रमा आफ्नो **साप्ताहिक दावी प्रमाणीकरण** बुझाउनुहोस् ।
    - आइतवार देखि शनिवारसम्म काम गर्ने हप्ता मानिन्छ । शनिवार हरेक हप्ता सक्किन्छ र आइतवार नयाँ हप्ता सुरु हुन्छ ।
- चाँडै भत्ता पाउनको लागि सकेसम्म चाँडो बुझाउनुहोस् ।
- पुरा नभएको दावी वा योग्यता समस्याहरूको कारणले भत्ता पाउन ढिलो हुन सक्छ ।
- सामन्यतया, तपाईंले साप्ताहिक दावी प्रमाणीकरण बुझाउनुभएको ७ दिन भित्रमा भत्ता पाउनुहुनेछ ।

<u>तपाईंको साप्ताहिक दावी प्रमाणीकरणका प्रश्नहरूको उत्तर दिनुहोस्:</u>

तपाईंले दावी गर्नुभएको हप्ताहरूको, तपाईंले उत्तर दिनैपर्ने कुराहरू:

- तपाईं काम किन गर्दै हुनुहुन्न ? ***"COVID-19"***
- तपाईं बेरोजगार हुनुहुन्छ कि घटाइएको घण्टा काम गर्दै हुनुहुन्छ ?
    - यो प्रश्नको उत्तर तपाईंले दावी गर्नुहुने हप्तामा तपाईंको कामको स्थितिको आधारमा दिनुहोस् । कृपया नोट गर्नुहोस् कि यदि तपाईं *Work-Share* वा कार्यपद-विशेष *Furlough* मा हुनुहुन्छ भने, तपाईं बेरोजगार हुनुहुन्न र तपाईं घटाइएको घण्टा काम गर्दै हुनुहुन्छ ।
- के तपाईं काम गर्न सक्नुहुन्छ र काम गर्न उपलब्ध हुनुहुन्छ ?
    - तपाईंले यो प्रश्नको उत्तर दिँदा कृपया याद गर्नुहोस कि यदि तपाईं *furlough* मा हुनुहुन्छ भने, तपाईं काम गर्न उपलब्ध मानिनुहुन्छ ।
- के तपाईंले कुनै काम गर्ने घण्टा, कामको प्रस्ताव, वा कामको सिफारिश अस्वीकार गर्नुभयो ?
- के तपाईं सक्रिय रूपमा काम खोज्दै हुनुहुन्छ ? **[*COVID-19* को कारण तपाईंले यो प्रश्नको उत्तर दिनुपर्दैन ।]**
    - कम्प्युटरले आफैँ यो प्रश्नको उत्तर दिनेछ ।
- यो हप्ताको लागि तपाईंको कामको घण्टा र ज्यालाहरू के के हुन् ?
    - सबै काम, घण्टा, र ज्याला (जुनसुकै रकमको) रिपोर्ट गर्नुहोस् ।
        - यदि तपाईंले काम र आम्दानी सहि तरिकाले रिपोर्ट गर्नुभएन भने, तपाईंले धेरै भत्ता र सजाय पाउन सक्नुहुन्छ, र मुद्दा पनि चल्न सक्छ ।
    - तपाईंलाई पछि तलब आउनेभए पनि सो हप्ताको बिदा, *vacation*, र बिरामी बिदा पनि रिपोर्ट गर्नुहोस् ।

- **ज्याला:** तपाईंले काम गर्नुभएको पुरा समय (*full-time*) को (हरेक हप्ता ३२ घण्टा वा बढी) वा आंशिक समयको (*part-time*) कुनै पनि किसिमको तलब रिपोर्ट गर्नुहोस्।
  - तपाईंलाई पछि तलब आउनेभए पनि सो हप्ताको ज्याला रिपोर्ट गर्नुहोस्।
- **कर्मचारी क्षतिपूर्ति (*Workers Compensation*)**: तपाईंलाई क्षतिपूर्ति दिइएको हप्ताको पैसा रिपोर्ट गर्नुहोस्।
- **बोनसहरू**: तपाईंले बोनस पाउनु भएको हप्ताको आम्दानी रिपोर्ट गर्नुहोस्।
  - समावेश गर्नुहोस्: त्रैमासिक एक्मुस्ट भुक्तानी, साइट भिन्नता, रात भिन्नता, साइन-अन बोनस, आदि।
  - तपाईंको सब भन्दा नयाँ *paystub* मा यो जानकारी भेट्न सक्नुहुन्छ।
- ***Stimulus* चेक:** संघीय सरकारबाट आएको *stimulus* चेक रिपोर्ट **नगर्नुहोस्**।
- **अवकाशको तलब (*Retirement Pay*)**
  - यदि तपाईंले अवकाशको तलबको लागि आवेदन गर्नुभएको छ वा तलब पाउँदै हुनुहुन्छ भने *DWD* लाई भन्नुहोस्।
  - *DWD* ले अन्य कुरा नभनेसम्म, अवकाशको तलबलाई ज्यालाको रूपमा तपाईंको **साप्ताहिक** दावी प्रमाणीकरणमा रिपोर्ट नगर्नुहोस्।
  - यदि तपाईंले अवकाशको तलबा पाउँदै हुनुहुन्छ भने, तपाईंको साप्ताहिक बेरोजगारी रकम कम हुनसक्छ।
- **बाल समर्थन (*Child Support*)**
  - यदि *DWD* ले बाल समर्थन प्रवर्तन एजेन्सीबाट बाल समर्थनको आदेश पायो भने, *DWD* ले बाल समर्थनको रकम तिर्न तपाईंको बेरोजगारी भत्ताबाट भत्ता रोक्नु पर्छ।
  - यदि तपाईं सो रकमसँग असहमत हुनुहुन्छ वा तपाईंलाई आदेश गलत छ जस्तो लाग्छ भने, बाल समर्थन एजेन्सीलाई सम्पर्क गर्नुहोस्।
  - **केवल बाल समर्थन एजेन्सीले भत्ता रोकावटलाई बदलिन वा रोक्न सक्दछ।**

तपाईंले बोनस पाउनुभएको हप्ताको बोनस रिपोर्ट गर्नैपर्छ। हरेक हप्ता तपाईंको *paystub* हेरेर सबै बोनस रिपोर्ट गर्नुहोस्।

तपाईंको आय विवरणहरू (*Earnings Statements*) (*Paystub*) अन्लाईन हेर्नुहोस्

1. my.wisc.edu वेबसाईटमा *MyUW* मा लग - इन गर्नुहोस्।
2. तपाईंको *NetID* र पासवर्ड राख्नुहोस्।
   - यदि समस्या आयो वा तपाईंको *username* र पासवर्ड बिर्सनुभयो भने, (608) 264-4357 मा फोन गर्नुहोस्।
3. तपाईंको ईन्टरनेट *browser* मा *pop-up blocker* हरू *disable* गर्नुहोस्।

4. *MyUW* मा, "*Payroll Information*" को बाकसमा थिच्नुहोस् ।
5. तपाईंको पुरै आय विवरणहरू हेर्नको लागि "*Earnings Statements*" मा थिच्नुहोस् ।
6. तपाईंले हेर्न चाहनुहुने आय विवरणको मितिमा थिच्नुहोस् ।

महत्त्वपूर्ण जानकारी

योग्यताका समस्याहरू

- योग्यता समस्या भनेको कुनै पनि जानकारी वा अवस्था हो जसले तपाईंले बेरोजगारी सुविधाहरू पाउनु पर्छ कि पर्दैन भन्ने कानुनी प्रश्न खडा गर्दछ ।
    - यो समस्याले *DWD* लाई बेरोजगारी बीमा कानुन अन्तर्गत तपाईंको सुविधाहरू अस्वीकार गर्न, रोक्न, वा कम गर्न कर गर्न सक्नेछ ।
    - *DWD* ले तपाईंलाई भत्ता दिनु अघि सबै योग्यता समस्याहरूको अनुसन्धान गर्नै पर्छ ।
- यदि *DWD* सँग तपाईंको आवेदनको बारेमा प्रश्नहरू छन् भने, उनीहरूले तपाईंसँग तथ्य पत्ता लगाउने अन्तर्वार्ता लिन सक्नेछन् । उनीहरूले तपाईंलाई फोन वा चिठीबाट सम्पर्क गर्न सक्नेछन् ।
    - तपाईंको आवेदन पुरा भएर स्वीकार भएपनि, तपाईंले **५ दिन भित्रमा** जवाफ दिएर अनुरोध गरिएको जानकारी **दिनुपर्नेछ** ।
- यदि तपाईं तथ्य पत्ता लगाउने अनुसन्धानमा भाग लिनुभएन भने, तपाईंले **सुविधाहरू गुमाउन सक्नुहुन्छ ।**
- *DWD* ले आफ्नो निर्णय लिनु भन्दा पहिले तपाईं र तपाईंको रोजगारदातालाई तथ्यहरू पेश गर्न अवसर दिन्छ ।
    - यदि तपाईंले *DWD* लाई सम्पर्क गर्नुभएन वा अनुरोध गरिएको जानकारी दिनुभएन भने, तपाईंले **सुविधाहरू गुमाउन सक्नुहुन्छ ।**
    - यदि तपाईंले अन्तर्वार्ता छुटाउनु भयो भने, *DWD* ले उनीहरूसँग भएको जानकारीबाट निर्णय लिनेछन् । तपाईंले **सुविधाहरू गुमाउन सक्नुहुनेछ ।**

तपाईंको दावीमा योग्यताका समस्याहरू अनुसन्धान गर्दा *DWD* ले तपाईंलाई भत्ता दिना सक्दैन ।

तपाईंले भत्ता नपाएपनि, अनुसन्धानको क्रममा साप्ताहिक दावी प्रमाणीकरण बुझाउनु पर्नेछ ।

तपाईंले आफ्नो पहिलो भत्ता कहिले पाउनुहुनेछ

- सामन्यतया, *DWD* ले तपाईंको भत्ताको योग्यताको निर्णय तपाईंको **पहिलो दावी** बुझाउनु भएको **७ दिन भित्रमा** लिन्छ ।
    - यदि *DWD* ले धेरै सङ्ख्याको दावीहरू पाइरहेको छ भने, तपाईंलाई जवाफ दिन समय लाग्न सक्छ ।
    - यदि तपाईंको दावीमा गल्ती वा छुटेको जानकारी छन् भने, *DWD* लाई तपाईंको दावी *process* गर्न धेरै समय लाग्न सक्छ ।

- यदि तपाईं योग्य हुनुहुन्छ भने, तपाईंले साप्ताहिक दावी प्रमाणीकरण बुझाउनुभएको ७ दिन भित्रमा भत्ता पाउनुहुनेछ।
- यदि तपाईंले **साप्ताहिक दावी प्रमाणिकरण** बुझाउनु भएको ७ दिन भित्र भत्ता (वा भत्ता नपाउनुको कारणको स्पष्टीकरण) पाउनु भएन भने, तपाईंले:
    - तपाईंको दावी स्थिति अन्लाईन चेक गर्नुहोस्।
    - यदि तपाईं अन्लाईन जान सक्नुहुन्न भने वा अन्लाईन सेवाहरूको सहयोगको लागि, (414) 435-7069 वा टोल-फ्री (844) 910-3662 मा फोन गर्नुहोस्।

तपाईंको भत्ताको स्थिति चेक गर्नुहोस्

तपाईंको कुनै हप्ताको बेरोजगारी भत्ता सक्रिय गर्नको लागि तपाईंले **साप्ताहिक दावी प्रमाणीकरण** बुझाउनै पर्छ।
तपाईंले आफ्नो भत्ताको जानकारी अन्लाईन हेर्न सक्नुहुन्छ। भत्ता पाउनु भएको छ कि छैन हेर्नको लागि:

1. my.unemployment.wisconsin.gov वेबसाईटमा जानुहोस्।
    - "*My Information*" ट्याबमा थिच्नुहोस्।
    - "*Benefit Payment History*" मा थिच्नुहोस्।
2. तपाईंको डेबिट कार्ड वा बैंक खातामा भत्ताहरू उपलब्ध हुन केही दिन लाग्न सक्छ।
3. तपाईंसँग भत्ताहरूको बारेमा प्रश्नहरू वा चिन्ताहरू भएमा, यहाँ सम्पर्क गर्नुहोस्:
    - *U.S. Bank* लाई (855) 279-1271 मा, यदि तपाईंले डेबिट कार्डमा भत्ता पाउनुहुन्छ भने
    - तपाईंको व्यक्तिगत बैंकलाई, यदि तपाईंले सीधै भत्ता जम्मा (*direct deposit*) गर्दै हुनुहुन्छ भने

भत्ता पाउनुहुने तपाईंका चयनहरू

तपाईंले आफ्नो बेरोजगारी सुविधा भत्ताहरू पाउन रोज्न सक्नुहुने:

- तपाईंको चेकिङ्ग वा बचत खातामा सीधै जम्मा (तपाईंको बैंकको *routing* नम्बर र खाता नम्बरहरू तयार राख्नुहोस्)

  वा

- *Visa® Pre-Paid* डेबिट कार्ड (*U.S. Bank ReliaCard®*) तपाईंको घरमा पठाइनेछ

बेरोजगारी भत्ताहरूमा कर लाग्छ

- तपाईंको बेरोजगारी भत्ताहरू संघीय र राज्यको करको उद्देश्यको लागि आम्दानीको रूपमा लिइन्छ।
    - तपाईंले बेरोजगारी भत्ताहरूको *1099* फाराम २०२० सालको अन्त्यमा पाउनुहुनेछ।
- तपाईंले तपाईंको साप्ताहिक बेरोजगारी भत्ताहरूमा राज्यको र संघीय करहरूस रोक्न सक्नुहुन्छ।
    - यदि तपाईंले करहरू रोक्नुभयो भने *DWD* ले तपाईंको साप्ताहिक भत्ताहरूबाट १० प्रतिशत संघीय र ५ प्रतिशत राज्यको करहरू काट्नेछ।
    - तपाईंले **कुनै पनि समयमा** my.unemployment.wisconsin.gov वेबसाईटमा गएर तपाईंको करहरू रोक्न सक्नुहुन्छ।
- थप जानकारीको लागि, dwd.wisconsin.gov/uiben/withholding.htm वेबसाईटमा जानुहोस् वा कर सल्लाहकारलाई सोध्नुहोस्।

बेरोजगारी ठगी र छलकपटहरू (*Scams and Fraud*)

- आफ्नो व्यक्तिगत जानकारी सुरक्षित राख्नुहोस् ।
- बेरोजगारी सुविधाहरू सम्बन्धित हालसालैका ठगीहरूको एउटा सूची https://dwd.wisconsin.gov/ui/fraud/scams.htm वेबसाईटमा छ ।
- *DWD* ले तपाईंलाई कहिले पनि व्यक्तिगत जानकारी दिन वा ईमेल वा टेक्स्ट मेसेजबाट बेरोजगारी सुविधाहरूका लागि तपाईंको योग्यता प्रमाणित गर्न सोध्दैन ।
- यदि तपाईं निश्चित गर्न चाहानुहुन्छ कि कुनै ईमेल वा टेक्स्ट मेसेज *Wisconsin Department of Workforce Development (DWD)* बेरोजगारी बीमा विभागबाट आएको हो कि हैन भने, (414) 435-7069 मा फोन गर्नुहोस् ।
- बेरोजगारी सुविधाहरूको आवेदन नि: शूल्क गर्न पाइन्छ । यदि कसैले तपाईंलाई बेरोजगारी सुविधाहरूको आवेदन गर्न सहयोग गना चाहन्छ र पैसा माग्छ भने, त्यो ठगी हो । त्यो मान्छेलाई जवाफ नदिनुहोस् !
- अन्लाईन व्यवसाय अवसरहरू, घरबाटै काम गर्ने वाचा, वा वेबसाईटहरू जसले तपाईंको व्यक्तिगत जानकारी अनुरोध गर्छ भने, तिनलाई जवाफ नदिनुहोस् ।

DWD बाट थप जानकारी पाउनुहोस्

DWD को वेबसाईटमा बेरोजगारी सुविधाहरूको र *COVID-19* को असरको बारेमा पुरा र भर्खरको जानकारी छ । यदि तपाईं अन्लाईन जान सक्नुहुन्छ भने, तपाईंको प्रश्नहरूको उत्तरको लागि पहिले *DWD* को वेबसाईटमा हेर्नुहोस् ।

महत्त्वपूर्ण *DWD* संसाधनहरू:

- *DWD* बेरोजगारी वेबसाईटमा: dwd.wisconsin.gov/ui/
- बेरोजगारीको बारेमा धेरै सोधिएका प्रश्नहरू: dwd.wi.gov/uiben/faqs
- दावीकर्ताहरूको पुस्तिका (*Handbook for Claimants*): dwd.wisconsin.gov/uiben/handbook

DWD लाई कसरी सम्पर्क गर्ने

DWD लाई सबै भन्दा सजिलो सम्पर्क गर्ने तरिका भनेको dwd.wisconsin.gov/dwdsendmail/mailtodwd.aspx वेबसाईटमा भएको फारम पुरा गर्नु हो । *DWD* लाई ईमेल पठाउँदा तपाईंले आफ्नो *wisc.edu* को ईमेल चलाउन सक्नुहुन्छ ।

यदि तपाईं अन्लाईन जान सक्नुहुन्न भने, (414) 435-7069 वा टोल-फ्री (844) 910-3662 मा फोन गर्नुहोस् । तपाईंले सोमवार देखि शुक्रवार, बिहान ७:३५ बजे देखि दिउँसो ३:३० बजे सम्म फोन गर्न सक्नुहुन्छ । *DWD* लाई बेरोजगारीको बारेमा धेरै फोनहरू आउँछन्, त्यसैले तपाईंले फोन गर्नु भयो भने लामो समय कुर्नु पर्नेछ ।

भाषा सहायता

- *DWD* ले नि: शूल्क भाषा अनुवादक प्रदान गर्दछ ।
- बहुभाषी बेरोजगारी र *COVID-19* जानकारी
    - स्पैनिश: dwd.wisconsin.gov/covid19/public/ui-s.htm

- मङ: dwd.wisconsin.gov/covid19/public/ui-h.htm
- विभिन्न भाषाहरू: dwd.wisconsin.gov/uiben/applylb.htm

साङ्केतिक भाषा अनुवाद

यदि तपाईंलाई विशेष सहयोगको आवश्यकता छ भने, यो कुरा तपाईंको बेरोजगारी दावीमा लेख्नुहोस्। *DWD* ले नि: शूल्क सांकेतिक भाषा अनुवादक प्रदान गर्नेछ।

***UW–Madison* मा सहयोग पाउने**

UW–Madison ले तपाईंलाई बेरोजगारी सुविधाहरूको अनुरोधका प्रक्रियामा मार्गदर्शन दिना सक्छ। मानव संसाधनको कार्यालयलाई (608) 265-2257 वा furlough@ohr.wisc.edu मा सम्पर्क गर्नुहोस्।

UW–Madison को अनुवाद र दोभषे सेवाका लागि, कृपया सांस्कृतिक भाषागत सेवामा फोन गर्नुहोस्:

- ESPAÑOL / Spanish: (608) 265-0838
- HMOOB / Hmong: (608) 263-2217
- བོད་ཡིག / Tibetan: (608) 890-2545
- 中文 / Chinese: (608) 890-2628
- नेपाली / Nepali: (608) 262-7521

अन्तिम अपडेट ०५/१५/२०२०